# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौंट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः
च.नं.

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
चौदण्डीगढी नगरपालिका,
उदयपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट चौदण्डीगढी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।
**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ७६ लाख ७३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु ९ लाख ,प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ९९ लाख ५३ हजार र पेश्की रु ५९ लाख ८७ हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुमा सम्वन्धमा २०७५।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ९ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# चौदण्डीगढी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं.१मा अवस्थित यो नगरपालिका अन्तर्गत १० वडा, ५५ नगर सभा सदस्य, २८३।७८ वर्ग कि.मी.क्षेत्रफल र ४८,५७४ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

## संचित कोषको विवरण
## आर्थिक वर्ष २०७४।७५

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | वित्तिय समानीकरण चालु | ५,३५,१२,०४८।८१ |
| | क) नगद | | २ | वित्तिय समानिकरण पुंजीगत | २२,१३,६१,७३८।२७ |
| | ख) बैंक | ३३,०९,७९,१७८४ | ३ | शसर्त अनुदान चालु | १५,९२,३३,०५१।४१ |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ९४,४४,३८८।४० | | ख) ब्याज भुक्तानी | |
| | क)वित्तीय समानीकरण अनुदान | २७,९५,८४,०००।०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १५,९२,३३,०५१।४१ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | ५,७३,०२६।०० |
| | घ) विशेष अनुदान | | ६ | कर्मचारी कल्याण कोष | ९,०७,५१६।०० |
| | ङ) अर्थ वजेट | | ७ | विपद व्यवस्थापन कोष | २४,२९,०००।०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ८ | गरिब संग विश्वेश्वर चालु | ४,२६,०००।०० |
| | क)वित्तीय समानीकरण अनुदान | | ९ | एलजिसिडिपि चालु | ७,५८,४९४।०० |
| | ख) सशर्त अनुदान | २२,००,०००।०० | १० | एलजिसिडिपि पुँजिगत | ५,९७,२०५।०० |
| | ग) समपूरक अनुदान | | ११ | सामाजिक सुरक्षा चालु | ७,२०,४०,२००।०० |
| | घ) विशेष अनुदान | | १२ | साना सिचाई कार्यक्रम पुजिगत | १,६४,१९३३।०० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १३ | बहुक्षेत्रिय पोषण कार्यक्रम चालु | १३,३२,९९९।०० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | १४ | हेल्वेटस चालु | ४९,३९,२१५।०० |
| | क) ऋण प्राप्ति | | १५ | महिला बालबालिका चालु | ५,८५,०००।०० |
| | ख) साँवा प्राप्ति | | १६ | प्रदेश लेखा नियन्त्रक पुँजिगत | २२,००,०००।०० |
| ७ | कर्मचारी कल्याणकोष | १४,१३,१८७२१ | १७ | मौज्दात | |
| | विपद व्यवस्थापन | २५,००,०००।०० | | (क) नगद मौज्दात | |
| ८ | जनसहभागिता (नगद) | | | (ख) बैंक मौज्दात संचित कोष खाता | ४,७२,६८,७०४।१६ |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | बैंक मौज्दात कर्मचारी | ५,०५,६७१।२१ |
| | गरिब संग विश्वेश्वर | ४,२६,०००।०० | | बैंक मौज्दात विपद व्यवस्थापन | ७१,०००।०० |
| | एलजिसिडिपि चालु | ७,५८,४९४।०० | | बैंक मौज्दात धरौटी खाता | ८,०६,८८१।०० |
| १० | धरौटी आय | १३,७९,९०७।०० | | | |
| | **जम्मा** | **५७,११,८९,६८२।८६** | | **जम्मा** | **५७,११,८९,६८२।८६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो अनुसार गरेको पाईएन । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय ,चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाले सो अनुरुप गरेको पाईएन । | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो अतः पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ ।<br>(क) कर्मचारीहरुको तलवी प्रतिवेदन आंशिक रुपमा पारित नभएको ।<br>(ख) जिन्सी दाखिला रिपोर्टमा जिन्सी खाता पाना नं. उल्लेख नभएको ।<br>(ग) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने तर्फ ध्यान दिनुपर्ने ।<br>(घ) फोहरमैला व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि संचालन गर्नु पर्ने । साथै ल्याण्डफिल्ड साइटको व्यवस्था नभएको ।<br>(ङ) भ्रमण खर्च नियमावली, २०७२ अनुसार कर्मचारीको भ्रमण अभिलेख नराखेको ।<br>● कार्यालयले म.ले.प. फा.नं. १३ तयार गरेको छैन् । Manually कार्य गर्दा धेरै झंझट भएका कारण तयार गर्न नसकेको भनाई रहेको छ । त्यस्तै संक्षिप्त वार्षिक प्रतिवेदन समेत तयार गरेको छैन् ।<br>● साना तिना कार्यक्रममा पनि आवश्यकता र औचित्य भन्दा बढी अनुगमन खर्च गर्ने, कार्यक्रम बांडफांड गर्दा खाना खर्च समेत राखी सामान्य नर्म्स भन्दा बढी खर्च गर्ने गरेको पाईन्छ । जस्तै - गरिवसंग विश्वेश्वर कार्यक्रममा ३० हजारको तालिम कार्यक्रममा रु. १५,०००।- अनुगमन खर्च मात्र र बहुक्षेत्रीय पोषण कार्यक्रममा जम्मा खर्च रु. ११ लाखमा रु. १,२२,०००।- अनुगमन खर्च छ । यसरी मूख्य कार्यक्रम तुलनामा अनुगमन खर्च बढी गर्ने तर्फ नियन्त्रण गरिनुपर्दछ । मूख्य कार्यक्रमको तुलनामा अनुगमन खर्च बढी गर्ने तर्फ नियन्त्रण गरिनुपर्दछ ।<br>● शिक्षकको तलवी प्रतिवेदन पारित गरेको छैन ।<br>● विभिन्न वार्षिक दिवस मनाउंदा मितव्ययी किसिमले खर्च गर्नुपर्नेमा स्वंय सेवीका दिवस मनाउदा | |

रु. १,१५,२५०।- खर्च गरेको पाईएकोले यस्ता खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

४. **योजना संचालन :-** नगरपालीकाबाट यो वर्ष निम्नानुसार ५३४ वटा योजना संचालनार्थ १८ करोड १८ लाख २८ हजार रुपैंयाको बजेट स्विकृत भएकोमा १४ करोड ४२ लाख ६१ हजार रुपैंया अर्थात करीब ७९% रकम मात्र खर्च भएको छ । (रु.हजारमा)

| वडा नं. | योजना संख्या | स्विकृत वार्षिक बजेट न.पा.बाट भुक्तानी हुने | भुक्तानी भएको |
|---|---|---|---|
| **वडा स्तरीय योजनाहरु** | | | |
| १ | ३६ | ८२७० | ८२३५ |
| २ | ४३ | १११७३ | ७७७३ |
| ३ | ५७ | १२०१५ | ८६१५ |
| ४ | ४५ | ८९२० | ८९२० |
| ५ | ५८ | ८१५० | ८१५० |
| ६ | २९ | १११०० | ७७०० |
| ७ | ४४ | १०३८५ | ६९८५ |
| ८ | ३७ | ८३८० | ८३८० |
| ९ | ३६ | १११९२ | ७७१२ |
| १० | २६ | ७३९३ | ७३९३ |
| **नगर स्तरीय योजनाहरु** | | | |
| | ११३ | ८२७३० | ६२१८८ |
| **प्रदेश स्तरीय योजनाहरु** | | | |
| | १० | २२०० | २२०० |
| | ५३४ | १८१८२८ | १४४२६१ |

१. उपरोक्तानुसारको कार्यक्रम मध्ये योजनाबाट लाभान्वित हुने लाभग्राहीबाट जुटाउनु पर्ने श्रमदानको अंश योजनाको सम्झौतामा उल्लेख गरेको भएतापनि प्राप्त प्रगती प्रतिवेदनमा श्रमदानको अंश उल्लेख नगरेको पाईयो । जसबाट सम्झौता बमोजिमको श्रमदान जुटे/नजुटेको सम्बन्धमा एकिन नभएको अवस्था छ ।

२. निम्नानुसार योजनाको सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता गर्दा श्रमदानको अंश नराखी सम्पुर्ण रकम नगरपालीकाबाट व्यहोर्ने गरी सम्झौता भई भुक्तानी गरेको पाईयो ।

| योजना | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|
| स.प्र.बल नेपाल बेसक्याम्प निर्माण | ५०,००,०००।०० | ४८,५०,०००।०० |
| हेल्थ पोष्ट भवन निर्माण वडा नं.७ | २७,००,०००।०० | २७,००,०००।०० |

चौदण्डीगढी नगरपालीका वडा नं. २, ३, ६ र ९ को कार्यालय भवन निर्माणार्थ ३४/३४ लाख रुपैंया बजेट स्विकृत भएकोमा ति वडाको कार्यालय भवन निर्माण नभएको पाईयो ।

५. **खप्ने जिन्सी खाता अद्यावधिक नभएको :** यस नगरपालीकाले कार्यालय प्रयोजनार्थ N 955 SAMSUNG मोबाइल थान १ रु. ८६,९००।- मा खरिद गरेकोमा म.ले.प.फा.नं.५२ मा चढाएको पाईएकोमा उक्त जिन्सि सामान म.ले.प.फा.नं.४७ थप्ने जिन्सी खातामा आम्दानी जनाई जिन्सी व्यवस्थापन गर्नु पर्दछ ।

६. **अग्रिम भुक्तानी फछ्र्यौट नगरेको :** स्थानीय सरकार संचालन ऐन २०७४ को परिषद १० दफा ७७ (३) अनुसार आन्तरीक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै संपरीक्षण गराउनु पर्नेछ भन्ने उल्लेख भएकोमा एकिकृत सम्पति कर प्रणाली कार्यन्वयनका लागी परामर्शदाता एडभान्स एण्ड इनोभेटिभ सर्भिसेस प्रा.ली. मेनरोड हेटौडा १० संग ५६,२५०।००

<table>
<tr><td></td><td>रु. ४,९५,९३७५० मा सम्झौता गर्दा सिरुभार खर्च १५% भुक्तानी गरेको रकम फछ्र्यौट नगरेको रु.</td><td></td></tr>
<tr><td>७.</td><td>शिक्षा तर्फ :- शारदा निम्न माध्यामिक विद्यालय, शिद्धिपुरको नि.मा.वि. तर्फको दरवन्दी ३ वटा भएकोमा प्रथम चौमासिकमा रु. ३,५९,९०६।- माग भै आएकोमा रकम एक महिना कट्टी गर्दा (रकम नपुगेको हुंदा सबैलाई कट्टी गरिएको) एक अवकास शिक्षकको समेत रु. २,९५,०००।३० मात्र निकासा दिनुपर्नेमा रु. ३,९५,९०९।३० निकासा दिएकोले बढी निकासा भएको रकम रु. १,००,९०२।- उक्त विद्यालयसँग असूल गर्नुपर्ने रु.</td><td>१,००,९०२।०</td></tr>
<tr><td>८.</td><td>आन्तरिक आय :- सार्वजनिक खरिद ऐन, २०६३ तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम नगरपालिकाले आन्तरिक आयका लागि गरेको ठेक्कामा १३% मूल्य अभिवृद्धि कर असूल गर्नुपर्दछ । कार्यालयले यस वर्ष कृषिजन्य/जडीबुटी निकासी तथा पैठारीमा रु. ३,१५,०००।- को ठेक्का लगाएको र बेल्टार/विरेन्द्र बजारमा पशुजन्य वस्तु निकासी/पैठारीमा रु. ८,०३,०००।- ठेक्का मा ठेक्का रकम असूल गरेको छ । तर सो मा १३% मू.अ.कर असूल गरेको नपाईएको हुंदा उक्त दुवै ठेक्कामा नगरपालीकाले ठेक्का परामर्श गर्दा बखत मु.अ.कर सहित सूचना गरी मू.अ.कर असुल नगरेकाले उक्त दुवै रकमको हुने रु. १,४५,३४०।- असूल गर्नुपर्ने रु.</td><td>१,४५,३४०।००</td></tr>
<tr><td>९.</td><td>एकीकृत स्वास्थ्य कार्यक्रम तर्फ :-आर्थिक ऐन, २०७४ अनुसार निजामती कर्मचारी लगायत रोजगार प्राप्त व्यक्तिको मासिक खुद आयमा १% सामाजिक सुरक्षा कर असूल गर्नुपर्दछ। कार्यालयले ५४ जना महिला स्वास्थ स्वंमसेवीका लाई पोशाक खर्च लेखेकोमा सोमा उक्त कर असूल गरेको नपाईएकोले हुंदा सो खर्च रु. ४,०५,०००।०० मा १% कर असूल गर्नुपर्ने रु.</td><td>४,०५०।००</td></tr>
<tr><td>१०.</td><td>दरवन्दी एकिन नभएको : निजामती सेवा ऐन, २०४९ बमोजिम दरवन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी तलब भत्ता खर्च लेखिनु हुंदैन । स्थानीय तहको दरवन्दी समेत स्वीकृत भै नसकेको अवस्थामा नगरपालिकाले विभिन्न ३ वटा प्राथमीक स्वास्थ चौकी एवं स्वास्थ्य चौकीमा बजेट पनि भएको र कर्मचारी पनि आवश्यक भएको भनी ९ जना अ.न.मी. नियुक्त गरी २०७४ माघ १८ बाट खर्च लेखेको छ । यसरी ९ जनाको मासिक रु. १,५७,०००।- दरले माघ १८ देखि २०७५ असार मसान्त सम्मको तलब रु. ८,५०,७८५।- खर्च आवश्यक र नियमित छ भन्न सकिने आधार नभएको हुंदा दरवन्दी एकीन गरेर मात्र कर्मचारी नियुक्त गरी खर्च लेखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>विपद व्यवस्थापन कोष तर्फ :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम निकायले रु. ५ लाख भन्दा बढी रु. २० लाख सम्मको सामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विपद व्यवस्था कोषबाट जी.आ.ई. ग्यावीन तार ( बुन्ने कार्य समेत) निम्नानुसार खरिद गरेको पाईएकोले सो खरिद कार्य उपयुक्त मान्न सकिएन् । विपद व्यवस्थापन कोषमा नगरपालिकाले एकै पटक रु. २५,००,०००।- को बजेट व्यवस्था गरी छुट्टै कोष खडा गरेको पनि छ। यसरी बजेट व्यवस्था भएको अवस्थामा र उक्त जालीहरु मौज्दात समेत राखेको अवस्थामा यसरी विना प्रतिस्पर्धा खरिद गरिनुले खरिद प्रकृया ठीक भएको छ भन्न सकिने अवस्था नभएको हुंदा उक्त खरिद नियम सम्मत नभएको सम्बन्धमा छलफल हुंदा कार्यालयले विपद व्यवस्थापनमा आवस्यक पर्ने भनी मौज्दातको लागि खरीद गर्नु परेको हो भनी जवाफ प्राप्त भएको छ तापनि बजेट छदा छदै समयमा प्रतिस्प्रर्धा गरी खरीद गरीनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>आर्पुतक</th><th>खरिद मूल्य रु.</th><th>कैफियत</th></tr>
<tr><td>२/२०७४/०७/०१</td><td>पवन हार्डवेयर एण्ड सप्लायर्स</td><td>४,८५,७२८।००</td><td>खुल्ला कोटेसन</td></tr>
<tr><td>३/०७४/७/७</td><td>गेलाल सप्लायर्स</td><td>४,९५,०००।००</td><td>खुल्ला कोटेसन</td></tr>
<tr><td>६/०७४/७/२४</td><td>ऊं शान्ती ट्रेडर्स</td><td>४,८३,३००।००</td><td>खुल्ला कोटेसन</td></tr>
<tr><td>७/०७४/९/२८</td><td>-</td><td>४,८३,३००।००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९,४७,३२८।००</td><td></td></tr>
</table>
उक्त जालीहरु भण्डार दाखिला गरी वितरणको भपाई पनि थारै मात्र देखिन्छ । तर मौज्दात कुनै</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>नरहेको समेत पाईएकोले के-कसरी वितरण भयो र खपत भयो भनी एकीन गर्न सकिने अवस्था नभएको हुंदा खरिद, भण्डारण, वितरण भपाई र आवश्यकता एकीन गरेर मात्र खरीद गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>धरौटीतर्फ :- कार्यालयको विभिन्न कार्य निर्माण वापत राखिएको धरौटी फिर्ता दिंदा सम्बन्धित आ.व.को आयकर चुक्ता र मूल्य अभिवृद्धिकर समायोजन प्रमाण संग्न गरी आय धरौटी फिर्ता दिनुपर्ने गरी आर्थिक कार्यविधि नियमावली २०६४ एवं आन्तरिक राजस्व विभागको पपित्रमा समेत उल्लेख छ । कार्यालयले तिम्ला निर्माण सेवालाई आ.व. २०७२/७३ को तालिम भवन निर्माण वापतको धरौटी रु. ५५,६५०।- फिर्ता दिएकोमा मूल्य अभिवृद्धिकर समायोजन प्रमाण संलग्न गरेको पाईएन । तसर्थ उक्त आ.व.को नीज निर्माण व्यवशायीको मू.अ.कर समायोजन प्रमाण पेश हुनु पर्ने रु.</td><td>५५,६५०।००</td></tr>
<tr><td>१३.</td><td>कार्यकमको अनुगमन : कार्यालयबाट भएको खर्चको सम्वन्धित व्यक्तिवाट अनुगमन गरी खर्चको यथार्थता पुष्टि गरिनु पर्दछ । रु. १,५०,०००।- मा रेडियोवाट ६ महिना सम्म कार्यक्रम प्रसारण गर्ने र १२० दिन सम्म पत्रपत्रिकामा सूचनामूलक जानकारी दिने गरी त्रियुगा मिडीया एजेन्सीसंग सम्फौता भै २ पटक गरी उक्त रकम खर्च लेखिएको छ । सो मा रेडियोबाट के  कसरी प्रसारण भयो भन्ने आधार विना खर्च लेखिएको छ । पत्रिकाबाट प्रसारण भनि एक प्रति फोटोकपी मात्र संलग्न छ । सम्बन्धित व्यक्तिबाट अनुगमन गरेको प्रमाण समेत संलग्न छैन । यसरी उक्त रकम वास्तविक खर्च हो भनी एकीन गर्न सकिने तथ्य प्रमाण नभएकोले यस्ता प्रभाव दुरुस्त राख्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>उदेश्य विपरीत खर्चः निम्नानुसार खर्चहरु कार्यक्रमको मूल उद्देश्य (कृषि/पशु) संग सम्बन्धित कार्यमा खर्च नभै बाह्य प्रकृतिका खर्चहरु भएको पाईएको हुंदा यस्ता खर्चमा नियन्त्रण गरी लक्षीत वर्गमा खर्च गरी वान्छीत लक्ष्य प्राप्त गर्ने तर्फ बजेट वांडफांड गरी खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>क्र. सं.</th><th>गो.भौ.नं. / मिति</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२१/०७५/३/३१</td><td>एकीकृत सम्पती कर दाखिला फाराम भरेको खर्च</td><td>२,०८,१७५।००</td></tr>
<tr><td>२</td><td>१९/०७५/३/३१</td><td>योजना तर्जुमा खर्च भनी दोश्रो नगर सभामा खाना/खाजाको बील २ थानबाट रु. १,८१,७१०।०० र खुकुरी खरिद १८ वटा रु. ६३,०००।००</td><td>२,५०,०००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४,५८,१७५।००</td></tr>
</table></td><td>४,५८,१७५।००</td></tr>
<tr><td>१५.</td><td>पेश्की वांकी :- आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाको विभिन्न मिति बाट विभिन्न कार्यक्रम सञ्चालन गर्ने पेशिक दिएको रकम आ.व.को अन्त सम्ममा पनि फछ्यौंट हुन बांकि रहेको ५९,८६,८००।- आर्थिक कार्यविधि नियमावली अनुसार असुल फछ्योंट हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>सि.नं.</th><th>पेशिक लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नैन बहादुर खडका</td><td>४,००,०००।००</td></tr>
<tr><td>२</td><td>नैन बहादुर खडका</td><td>२,००,०००।००</td></tr>
<tr><td>३</td><td>देउराली सा.अ.के.</td><td>२,००,०००।००</td></tr>
<tr><td>४</td><td>डम्बर राई</td><td>३३,३७,२००।००</td></tr>
<tr><td>५</td><td>नेपाल प्रेश युनियन</td><td>४०,०००।००</td></tr>
</table></td><td>५९,८६,८००।००</td></tr>
</table>

| | | |
|---|---|---|
| ६ | स्वास्थ्य चौकि हडिया | ५,००,०००।०० |
| ७ | स्वास्थ्य चौकि सिध्दिपुर | १,५०,०००।०० |
| ८ | शहरी स्वास्थ्य केन्द्र आमशाल | २,००,०००।०० |
| ९ | जनता आ.मा.बि. कालिखोला | ८४,६००।०० |
| १० | मा.बि. शिबाई | ५,००,०००।०० |
| ११ | ढक.ब. कार्की | २५,०००।०० |
| १२ | मूल खोला सीचाइ | ३,५०,०००।०० |
| २४ | **जम्मा** | **५९,८६,८००।००** |

१६. **अग्रिम कर कट्टी :-** निम्नानुसार विद्यालयहरुबाट पेश्कि फछ्र्यौटका फाँटवारीसाथ पारीश्रमीकमा अग्रिम आय कर कट्टी गरेको रकम राजश्व दाखिला भएको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु. — १७,७९६।००

| विद्यालय | रकम |
|---|---|
| सगरमाथा मावि भोर्लेनी | २१९६।०० |
| जन विकास मा.वि. | १८३०।०० |
| जलेश्वरी आबि रानीटार | १३३१।०० |
| सिंहदेवि मा.वि माडिबास | २,८६३।०० |
| कालिका मा.वि. सिर्वानि | ९,५७६।०० |
| **जम्मा** | **१७,७९६।००** |

१७. **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न शिर्षकमा मौज्दात बांकी रु.४८,६५,२२५६।३७ देखाएकोमा चालु पुँजीगत र मूल खातामा बैंक मौज्दात रु. ७,२८,०२,०१२।४८ रहेकोमा श्रेस्ता र बैंक मौजदातमा फरक देखिएको रकम रु. २,४१,४९,७५६।११ कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्ने रु.......... — २,४१,४९,७५६।११

१८. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १२ प्रतिशत, दोश्रो चौमासिकमा .२६ प्रतिशत र तेश्रो चौमासिकमा ६२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन ।

१९. **सम्झौता भन्दा बढि भुक्तानी :-** सिंहदेवी माध्यमिक विद्यालय माडिवासको ४ कोठे पक्की भवन निर्माण गर्न ५० लाख रुपैंयाको लागत अनुमान स्विकृत गरी सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भई नगर क्षेत्र पुर्वाधार विकासबाट २५ लाख रुपैंया, नगरपालीकाबाट १० लाख रुपैंया र १५ लाख रुपैंया बराबरको जनश्रमदान जुटाउने सर्तमा निर्माणाधीन भवनको गत वर्ष रु. २५ लाख भुक्तानी गरेकोमा यस वर्ष रु. ४८ लाख ६८ हजार ७ सय ७२ बराबरको कार्य सम्पन्न गरी जांच पास मुल्यांकन भएको र ३ पटकमा रु. ३०,६४,६९१।०० समेत उपभोक्ता समितिलाई कुल रु. ५५,६४,६९१।०० भुक्तानी भएको पाईयो ।सम्झौता बमोजिमको जनश्रमदानको अंश गत वर्ष नै नगद जम्मा गरेकोले सम्बन्धित उपभोक्ता समितिलाई पुर्वाधार विकास तर्फको २५ लाख रुपैंया नगरपालीकाबाट १० लाख रुपैंया र जम्मा गरेको जनश्रमदानको १५ लाख रुपैंया समेत कुल ५० लाख रुपैंया मात्र उपलब्ध गराउनुपर्नेमा उपरोक्तानुसार रु ५,६४,६९१।०० भुक्तानी गरेकोले सम्झौता भन्दा बढी खर्च लेखेको रकम असूल गर्नु पर्ने रु.

<table>
<tr><td></td><td></td><td>५,६४,६९१।११</td></tr>
<tr><td>२०.</td><td>विद्युतिकरण :- १२६,२०७५।०१।३१ र ३००, २०७५।०३।२५ समेत यस नगरपालीकाले निम्नानुसार विद्युतिकरण कार्यका लागि यो वर्ष ४७८ वटा विद्युत पोल जडान गर्न रु.७५,६१,८८३।१४ को सम्झौता गरी रु. ७१,४६,५२०।- भुक्तानी गरेको देखियो ।
<table>
<tr><th>स्थान</th><th>विद्यूत पोल विवरण</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>आर्पुतक/उपभोक्ता समिति</th></tr>
<tr><td>नगरपालीकाका विभिन्न वडा</td><td>४०० वटा काठको पोल बदली</td><td>५७,०९,२३४।६०</td><td>५६,९१,५२०।००</td><td>सोहन कन्सट्रक्सन</td></tr>
<tr><td>१ नं नं. वडा</td><td>७८ वटा ९ मीटर सिट टेबुलर पोल</td><td>१८,५२,६४८।५४</td><td>१४,५५,०००।०</td><td>विद्युत योजना उपभोक्ता समिति</td></tr>
<tr><td></td><td>४७८</td><td>७५,६१,८८३।१४</td><td>७१,४६,५२०।००</td><td></td></tr>
</table>
उपरोक्तानुसारका आपुर्तक एवं उपभोक्ता समिति संग विभिन्न वडार १ नं. वडामा जडान गरिने विद्युत पोलको संख्या मात्र उल्लेख गरि सम्झौता भई ठेक्का बिल जांच पास र कार्य सम्पन्न प्रतिवेदन बमोजिम उक्त कार्यको रकम भुक्तानी भएको पाईयो तापनि बदली भएका ४०० वटा काठको पोलको आम्दानी वा बिक्रीबाट प्राप्त आयका साथै कुन कुन वडाका कुन कुन स्थानमा उक्त पोल बदली भएका हुन सो को विवरण/सम्बन्धित वडाबाट प्रमाणीत कागजात बेगर उक्त रकम भुक्तानी भएकोले उक्त कारोवारमा ४०० वटा वदली गरेका पोलको यथेष्ट प्रमाण पेश हुन नसकेको रु ................</td><td>५६,९१,५२०।००</td></tr>
<tr><td>२२</td><td>कर्मचारी व्यवस्था :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी एकीन भै नसकेको कार्यालयको भनाई रहेको पाईयो । दरवन्दी एकिन गरी पालिकाले तालूक निकायमा माग गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td>विशेष भत्ता - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । यस न.पा. अन्तर्गतका कर्मचारीलाई प्रथम नगरसभामा खटिए स्वरुप विशेष भत्ता वापत २० जना कर्मचारीलाई रु.४,४२,३१०।०० भुक्तानी गरी खर्च लेखेको छ । यसरी सरकारी अनुदानबाट भत्ता खाने निर्णय गरी स्पष्ट कार्यविधि विना खर्च लेखेको रकम अनियमित देखिएको रु............</td><td>४,४२,३१०।००</td></tr>
<tr><td>२४</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२५</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । सभाको निर्णयअनुसार यो आर्थिक वर्षमा कर्मचारी कल्याण कोष खातामा रु. १०,००,०००।-, विपद व्यवस्थापन कोषमा रु. २५,००,०००।-, मर्मत संभार कोषमा रु. ३०,००,०००।- जम्मा गरेको छ । उक्त रकम पुरै वित्तिय समानीकरणको निशर्त अनुदानबाट जम्मा गरिएको छ । खर्चका लागि कुनै कार्यविधि बनाईएको छैन । साथै वातावरण कोष स्थापना गर्ने भनी रु. ३०,००,०००।- विनियोजन गरेकोमा सो खाता खोली जम्मा गरीएको छैन । यसरी विना कार्यविधि संघिय अनुदानको रकमबाट कोष व्यवस्था गरिएको पाईयो ।</td><td></td></tr>
<tr><td>२६.</td><td>व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्न सूचना जारी गरेकोमा कुनै पनि व्यवसायी दर्ता हुन नआएको उल्लेख छ । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि</td><td></td></tr>
</table>

करको दायराभित्र ल्याउनु पर्दछ ।

२७. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु.५७,२०,०००।- खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

२८. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै.नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त (SUTRA) को प्रयोग गरेको पाईएन ।

२९. **ऐन नियमको पालना :**सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) अनुसार १ करोड रुपैंया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायमा गराउन सकिने व्यवस्था छ । कार्यालयले १ करोड रुपैंया भन्दा बढी लागत अनुमान रहेको वि.वि. चोक देखि हाडबजार हुंदै जाने बाटो तथा ढल निर्माण कार्य सम्बन्धित उपभोक्ता समिति चौ.न.पा.७. संग सम्झौता गरी सम्पन्न गरेको पाईयो । नियमावलीको व्यवस्था विपरीत हुने गरी निर्माण कार्य गराउनु नियमसंगत नभएको सम्बन्धमा छलफल हुंदा कार्यालयबाट भुक्तानी हुने रकम सो सिमा भित्रै रहेको भन्ने कार्यालयलेको भनाई रहेता पनि नियमावलीको प्रावधान बमोजिम उपभोक्ता/लाभग्राही समुदाय परिचालन गरी यस्ता कार्य गर्ने गराउने तर्फ कार्यालयको पहल हुनु पर्दछ ।

३०. **न्याय सम्पादन -** स्थानीय सरकार ऐन २०७४ बमोजिम उपप्रमुखको सम्योजकत्वमा न्यायीक समिति गठन गर्ने व्यवस्था छ । यस नगरपालीकामा प्रस्तुत आ.व.मा १० किसिमका ५४ मुद्धाका उजुरी प्राप्त भएकोमा ५२ मुद्धा फछ्र्यौट भै २ मुद्धा मात्र बांकी देखिएको छ ।

३१. **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

३२. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ८ लाख ३३ हजार, नियमित गर्नुपर्ने बेरुजू रु ९ लाख , प्रमाण कागजात पेश नभएको बेरुजू रु ३ करोड ९ हजार र पेश्की बाँकी देखिएको रु ५९ लाख ८७ हजार समेत रु ३ करोड ७७ लाख २९ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियावाट रु ५६ हजार वेरुजू फछ्र्योट भएकोले वांकी रु ३ करोड ७६ लाख ७३ हजार बेरुजू कायम भएको छ ।

३३. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १,८०,०५,०००।०० | ० | १,८०,०५,०००।०० |

३४. **अद्यावधिक बेरुजू स्थिति :** यस चौडण्डीगढी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १,८०,०५,०००।०० | ० | ३,७६,७३,४४०।७२ | ५,५६,७८,४४०।७२ |

अनुसूची– १

## चौडण्डीगढी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

### आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | उदयपुर | चौडण्डी न.पा | २१ | १२ | ३७७२९ | ० | १ | ५६ | २१ | ११ | ३७६७३ | ८३३ | ९०० | २९९५३ | - | - | ३१६८६ | ३९६२ | २०२५ | ५९८७ |
| | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- २

## सञ्चित कोष विवरण

### आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | चौदण्डीगढी नगरपालिका | उदयपुर | ३३०९८ | २७९५८४ | १५९२३३ | ८९८३० | ५२८६४७ | ५३५१२ | २२१३६२ | २३८२१८ | ५१३०९२ | ४८६५३ |
| | | | | | | | | | | | | |